

सिदिङ्वा गाउँपालिका

गाउँ वस्तुस्थिति विवरण





सिदिङ्वा गाउँपालिका


प्रदेश नं. १,

सिदिङ्वा, ताप्लेजुङ्ग

२०७६

दस्तावेज	गाउँ वस्तुस्थिति विवरण (Village Profile)
प्रकाशक	सिदिङ्वा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
वेभसाइट	http://www.sidingbamun.gov.np/
सर्वाधिकार	प्रकाशकमा
मिति	२०७६
IT Support	Robust IT Concepts Pvt. Ltd., Kathmandu
Photo ©	http://sidingbamun.gov.np/photo-gallery
प्राविधिक सहयोग	Centre for Sustainable Development Studies Pvt. Ltd. Lalitpur

सिदिङ्वा गाउँपालिका



स्रोत : गाँउ वस्तुस्थिति विवरण GIS Mapping सर्वेक्षण २०७६

सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साव्लाखु, ताप्लेजुङ्ग
प्रदेश नं. १

प्रकाशकीय



नेपालको संविधान र तत्सम्बन्धी नीतिगत व्यवस्था बमोजिम स्थानीय सरकारका रूपमा गाउँपालिकाले सेवा प्रवाह तथा विकास निर्माण मार्फत जन आकाङ्क्षा सम्बोधनको ऐतिहासिक जिम्मेवारी नव निर्वाचित जनप्रतिनिधिहरूमा रहेको छ । सङ्घीय शासन व्यवस्थाको रूपमा स्थानीय तह, प्रदेश र सङ्घ माझ समन्वय, सहकार्य र सह अस्तित्वको सिद्धान्तका आधारमा शासन सञ्चालनको अपेक्षा गरिए जस्तै स्थानीयस्तरमा पनि राजनीतिक दल, विषयगत निकाय, समुदायमा आधारित संस्था, स्थानीय समुदाय, नीजि क्षेत्र र विकास साझेदार तथा गैससँगको निकटतम सहकार्य र समन्वयबाट अपेक्षित परिवर्तन सुनिश्चित हुने विश्वास गर्न सकिन्छ । स्थानीय सरकार सञ्चालनको बलियो आधार तयार गरी सेवा प्रवाह र विकास निर्माण कार्यलाई प्रभावकारी बनाउन गाउँपालिकाको समग्र पक्षको क्षेत्रगत तथा खण्डीकृत तथ्याङ्क खुल्ने गरी वस्तुस्थिति विवरण वा पार्श्वचित्र तयार गर्नु अत्यन्त महत्त्वपूर्ण कार्य हो । यसै कुरालाई मध्यनजर गरी नेपाल सरकारले नीतिगत निर्णय र मार्गदर्शनका आधारमा सचेत समेत गराएको छ । गाउँपालिकाको विकासको विद्यमान स्थितिको विश्लेषण गरी गाउँ विकासको प्रयासलाई दिशानिर्देश गर्न एकीकृत, आवधिक तथा वार्षिक गाउँ विकास योजना तर्जुमा, योजनाको नतिजामूलक अनुगमन तथा गाउँगाउँपालिकाको विकासका प्रयासहरूको प्रभावको लेखाजोखा गर्न गाउँ वस्तुस्थिति विवरण तयारी तथा अद्यावधिक गर्नु जरुरी रहेको छ ।

गाउँगाउँपालिकाको समग्र नेतृत्व, विषयगत कार्यालय तथा गाउँ विकासका समग्र सरोकारवालाको सहयोग तथा सहकार्य र सेन्टर फर सस्टेनेवल डेभ्लप्मेन्ट स्टडिज प्रा.लि.को प्राविधिक सहयोगमा गाउँगाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण (Digital Profile) तयार गरिएको छ । यस वस्तुस्थिति विवरणले यस क्षेत्रको सेवा प्रवाह, नीति निर्माण, आन्तरिक आय वृद्धि तथा विकास प्रक्रियालाई मार्गदर्शन गर्ने विश्वास लिएको छु । यसका अतिरिक्त गाउँ विकासका लागि सहकार्य गर्ने अन्य निकाय लगायत गैसस तथा विकास साझेदारका लागि पनि उल्लेखित विवरण महत्त्वपूर्ण र सहयोगी हुनेछ । यस गाउँपालिकाको विकास र सम्वृद्धिको सपना सबैको एकता, साझा प्रयास र प्रतिबद्धताबाट प्राप्त हुने कुराको पुनः स्मरण गर्न चाहन्छु ।

अन्त्यमा, गाउँ वस्तुस्थिति विवरण तयारीको कार्यमा सहयोग र परामर्श प्रदान गर्नु हुने गाउँपालिकाका निर्वाचित पदाधिकारीहरू, राजनीतिक दल, कर्मचारी र प्राविधिक सहयोग गर्ने सेन्टर फर सस्टेनेवल डेभ्लप्मेन्ट स्टडिज प्रा.लि.का प्राविधिक सहयोगकर्ता डिक नारायण चौधरी र प्रकाश राई सहित सबैको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

.....
नरबहादुर कडरीया
अध्यक्ष

सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साव्लाखु, ताप्लेजुङ्ग
प्रदेश नं. १

मन्तव्य



नवगठित गाउँपालिका जनताको सबैभन्दा निकटको सरकारका रूपमा स्थानीय शासन सञ्चालन र व्यवस्थापनका लागि नयाँ अनुभवका साथ अगाडि बढिरहेको छ । विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाका अतिरिक्त साधन र स्रोतको सीमाभित्र रहेर शासन सञ्चालन र व्यवस्थापन गर्ने कार्य चुनौतिपूर्ण देखिएको छ । जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो छरितो र प्रभावकारी बनाई सङ्घीय प्रणालीको सुदृढीकरण, दीगो शान्ति, सुशासन, विकास र सम्वृद्धिको आकाङ्क्षा पूरा गर्ने दिशामा महत्वपूर्ण जिम्मेवारी गाउँपालिकामा रहेको छ । स्थानीय तहमा अन्तरनिहित अधिकार र अधिकारको बाँडफाँड तथा कार्यसम्पादन सम्बन्धी विषयलाई विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाले रेखाङ्कन गरेको छ । स्थानीय शासन ऐन संसदमा विचाराधीन रहेको र प्रदेशस्तरीय संयन्त्र तथा कानून तयार नभइसकेको हालको अवस्थामा नेपालको संविधान, कार्य विस्तृतिकरण प्रतिवेदन र स्थानीय शासन ऐन २०७४ मा अन्तरनिहित अधिकारको बाँडफाँड र कार्यसम्पादन सम्बन्धी विषय स्पष्ट पार्दै वस्तुस्थिति विवरण तयारी र अद्यावधिक गर्नु पर्ने कुरालाई महत्वपूर्ण रूपमा उठान गरेको छ । सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले वस्तुस्थिति विवरण तयारी गर्न सचेत गराई यसको ढाँचा समेत उपलब्ध गराएको वर्तमान अवस्थामा समग्र गाउँपालिकाको विकासको अवस्था र वस्तुगत स्थिति झल्किने खण्डीकृत तथ्याङ्कसहितको क्षेत्रगत विवरण खुल्ने वस्तुस्थिति विवरण तयार गरी अद्यावधिक गर्दै लैजानु आवश्यक छ ।

गाउँ वस्तुस्थिति विवरणले नीति, कानून, मापदण्ड र योजना निर्माणका त्त :अतिरित्त : कार्यान्वयन र नियमनका लागि आवश्यक सूचना प्रदान गर्नेछ । यस विवरणले गाउँपालिकाको विकासमा समन्वय र सहकार्य गर्ने निकाय तथा विकास साझेदार गैससं, नीजि क्षेत्रलाई समेत मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरेको छु । समय, स्रोत र साधनको सीमितताका वावजुद सरोकारवालासँगको छलफल र द्वितीय तथ्याङ्कको उपयोग गरी तयार गरिएको यस गाउँपालिकाको वस्तुस्थिति विवरण (Digital Profile) तयारीको पहिलो प्रयास सफल भएकोमा खुशी व्यत्त : गर्न चाहन्छु । पहिलो प्रयास भएका कारणले वस्तुस्थिति विवरणमा हुन सक्ने कमी कमजोरीहरूलाई क्रमशः सुधार र अद्यावधिक गर्दै लगिने छ ।

अन्त्यमा, वस्तुस्थिति विवरण तयारी कार्यमा नेतृत्वदायी भूमिका खेल्नुहुने अध्यक्ष तथा वडाध्यक्षहरू लगायत सम्पूर्ण निर्वाचित पदाधिकारी, कर्मचारी, सरोकारवाला तथा प्राविधिक सहयोग प्रदान गर्ने सेन्टर फर सस्टेनेवल डेभ्लप्मेन्ट स्टडिज प्रा.लि.का प्राविधिक सहयोगकर्ता डिक नारायण चौधरी र प्रकाश राई सहित सबैलाई धन्यवाद दिन चाहन्छु । आगामी दिनमा सबैको साथ र सहयोगले गाउँपालिकाको विकास प्रक्रिया, शासन सञ्चालन र व्यवस्थापन सहज र उत्साहप्रद हुनेछ भन्ने अपेक्षा राखेको छु ।

धन्यवाद !

.....
जीवन कुमार ताम्लिङ
उपाध्यक्ष

सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साव्लाखु, ताप्लेजुङ्ग
प्रदेश नं. १

दुई शब्द



नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार सिदिङ्वा गाउँपालिका जनताको सबै भन्दा निकटको सरकारको रूपमा स्थापित हुने क्रममा छ। वार्षिक नीति तथा कार्यक्रम, आवधिक योजनाको माध्यमबाट गाउँको योजनाबद्ध विकास गर्नु पर्ने जिम्मेवारीलाई आत्मसात् गरेर संस्थागत प्रयासहरू भइरहेका छन्। संविधानले दिएको स्थानीय सरकारका अधिकारका क्षेत्रहरूलाई स्थानीय जनताको आवश्यकता र चाहना अनुरूप योजनाबद्ध विकासमा परिणत गर्नु ठूलो अवसर र चुनौति दुबै बन्न पुगेको छ। लामो राजनीतिक अस्थिरतापछि नयाँ राजनीतिक प्रणाली र शासन व्यवस्थामा समग्र नेपालले अभ्यास गरिरहेको सन्दर्भमा यस गाउँपालिकाको समग्र विकासलाई व्यवस्थित गर्न पनि एक चुनौतिकै विषय बनेको छ। तथ्याङ्कमा आधारित योजना र योजनाबद्ध विकासको प्रणाली स्थापना गर्न सके मात्र यस्ता चुनौतिलाई पार गर्न सकिने तथ्य महसूश गरी यस गाउँपालिकाको गाउँ बस्तुस्थिति विवरण तयार गरिएको छ।

विश्वले प्रविधिमा सँगै फड्को मारिरहेको सन्दर्भमा गाउँपालिकाको बस्तुस्थिति विवरण पनि प्रत्यक्ष रूपमा नवीकरण भइरहने खालको हुनुपर्ने महसूश गरी डिजिटल प्रविधिबाट गाउँपालिकाको बस्तुस्थिति विवरण तयार गरिएको कुरा भन्न पाउदा खुशी महसूश गरेको छु। https://lgprofile.robustitconcepts.com मा गएर अनलाईनबाट गाउँपालिकाको सम्पूर्ण तथ्याङ्क हेर्न पाईने र घटना दर्ता प्रणाली मार्फत तथ्याङ्कहरू सधैं नवीकृत रहने प्रणालीको स्थापना हुनु गाउँपालिकाको गौरवको विषय बनेको छ। समाज र समुदायस्तरसम्म पुगी विकासका प्राथमिकता निर्धारण गर्नु यो वस्तुगत विवरण गतिलो हतियार बन्न सक्छ। गाउँपालिकाभित्रको भूगोल, वर्ग, क्षेत्र र समुदायको आवश्यकता पहिचान गरी सोही अनुरूप आगामी नीति, कार्यक्रम र बजेट तर्जुमा गर्न यसले सहयोग पुऱ्याउने छ। समग्र गाउँपालिकाको सन्तुलित तथा समन्यायिक विकासको लागि वस्तुगत विवरण उपयोगी हुन सकोस भन्ने शुभेच्छा प्रकट गर्दै यस प्रणालीको विकास गर्न घरधुरी सर्वेक्षक, संस्थागत तथ्याङ्क सङ्कलक, स्रोत नक्शाङ्कन कार्यमा सङ्लग्न व्यक्तिहरू, गाउँपालिकाका संम्पूर्ण कर्मचारी साथीहरू र परामर्शदाता सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा. लि., ललितपुर लगायत सबैलाई मेरो व्यक्तिगत तथा गाउँपालिकाको तर्फबाट धन्यवाद दिन चाहन्छु।

धन्यवाद !

.....
लोक प्रसाद फागो
प्रमुख प्रशासकीय अधिकृत

विषय सूची

प्रकाशकीय iii
मन्तव्य iv
दुई शब्द v
विषय सूची vi
मानचित्र सूची xiv

परिच्छेद १ : परिचय

१.१ पृष्ठभूमि १
१.२ उद्देश्य २
१.३ कानुनी तथा नीतिगत आधार २
१.४ तयारीका चरण २
१.५ सीमा ४

परिच्छेद २ : गाउँपालिकाको विद्यमान अवस्था

२.१ भौगोलिक अवस्थिति ५
२.२ ऐतिहासिक चिनारी तथा नामकरण ५
२.३ राजनीतिक अवस्थिति ५
२.४ धरातलीय अवस्था ६
२.५ प्राकृतिक सम्पदा ६
२.६ भू-उपयोगको अवस्था ६
२.७ साँस्कृतिक उत्कृष्टता ७
२.८ विकासका सम्भावना ७
२.९ मानव विकास सूचकाङ्क, औषत आयु र गरिवी ८

परिच्छेद ३ : जनसङ्ख्याको अवस्था

३.१ जनसङ्ख्या वितरणको अवस्था ९
३.२ जनघनत्वको अवस्था १०
३.३ उमेर तथा लिङ्गको आधारमा जनसङ्ख्या विवरण १०
३.४ मातृभाषाका आधारमा जनसङ्ख्या विवरण १०
३.५ धर्म अनुसार जनसङ्ख्या विवरण ११
३.६ जातिगत आधारमा घरपरिवार विवरण ११
३.७ जातिगत आधारमा जनसङ्ख्या विवरण १२
३.८ घरमुलीको विवरण १२
३.९ अपाङ्गताको आधारमा जनसङ्ख्या विवरण १३
३.१० बसोवासको अवस्था सम्बन्धी विवरण १३
३.११ वैवाहिक स्थिति सम्बन्धी विवरण १४
३.१२ व्यक्तिगत घटना विवरण १४
३.१३ विगत पाँच वर्षमा बसाईसराई गरी आउने घरपरिवार विवरण १५
३.१४ बसाईसराईका कारण अनुसार घरपरिवार विवरण १५
३.१५ विवाह दर्ता सम्बन्धी विवरण १६

परिच्छेद ४ : आर्थिक अवस्था

४.१ प्रमुख आर्थिक विवरण १७
४.१.१ प्रमुख पेसा अनुसार जनसङ्ख्या १७
४.१.२ प्राविधिक तथा विशेष सीप भएका मानव संसाधनको विवरण १८
४.१.३ वैदेशिक रोजगारीमा गएकाहरूको विवरण १८
४.२ कृषि तथा पशु विकास १९
४.२.१ सिँचाई सुविधा सम्बन्धी विवरण १९
४.२.२ सिँचाई सुविधाको आधारमा खेती गर्ने घरपरिवार विवरण २०
४.२.३ कृषि कार्यमा उपयोग भएको जग्गा र स्वामित्व सम्बन्धी विवरण २०
४.२.४ कृषि कार्यमा जमिनको उपयोगको अवस्था २१
४.२.५ खेती योग्य जमिनको विवरण २१
४.२.६ अन्न, दलहन र तेलहन बाली उत्पादन र विक्री सम्बन्धी विवरण २२

४.२.७ तरकारी, फलफूल र नगदेबाली सम्बन्धी विवरण २२
४.२.८ बैकल्पिक बाली सम्बन्धी विवरण..... २३
४.२.९ पशुपंक्षी पालनको अवस्था सम्बन्धी विवरण..... २३
४.२.१० श्रमजन्य पशुपालन तथा दूधजन्य उत्पादनको अवस्था..... २४
४.२.११ मासुजन्य पशुपंक्षी पालनको अवस्था २४
४.२.१२ पशुपंक्षीजन्य उत्पादन विक्रीका आधारमा घरपरिवार २५
४.२.१३ कृषि उत्पादन तथा कमाईमा आत्मनिर्भरताको अवस्था..... २५
४.२.१४ कृषि तथा पशुसेवासँग सम्बन्धित मानव संसाधन..... २६
४.२.१५ कृषि उपजमा लाग्ने रोग तथा कीरा..... २७
४.२.१६ पशुपंछीमा लाग्ने रोग तथा कीरा..... २७
४.२.१७ व्यवसायिक कृषि फर्म सम्बन्धी विवरण २७
४.२.१८ कृषि तथा पशु सेवासँग सम्बन्धित सामुदायिक संस्था तथा समूहको विवरण..... २८
४.२.१९ सार्जजनिक पोखरी तथा माछापालन सम्बन्धी विवरण २८
४.३ पर्यटन विकास २९
४.३.१ पर्यटकीय स्थलहरूको विवरण..... २९
४.३.२ होटल, रिसोर्ट तथा रेष्टुरेन्ट सम्बन्धी विवरण..... २९
४.४ मिल, सङ्कलन तथा प्रशोधन सम्बन्धी विवरण..... ३०
४.५ उत्पादन तथा सेवामूलक उद्योग सम्बन्धी विवरण..... ३०
४.६ व्यापार र व्यवसाय सम्बन्धी विवरण..... ३१
४.७ कृषि तथा हाट बजार सम्बन्धी विवरण..... ३२
४.८ व्यावसायिक सीपमूलक तालिम..... ३२
४.८.१ व्यावसायिक सीपमूलक तालिम लिने घरपरिवारको विवरण..... ३२
४.८.२ अवधिका आधारमा तालिम लिनेहरूको सङ्ख्या..... ३३
४.९ बैङ्क तथा वित्तीय संस्थामा खाता हुने घरपरिवार सम्बन्धी विवरण..... ३३
४.१० वित्तीय संस्था अनुसार खाता हुने घरपरिवार विवरण ३४
४.११ वार्षिक आम्दानी अनुसार घरपरिवार विवरण ३४
४.१२ शीर्षक अनुसार परिवारको वार्षिक सरदर आम्दानी विवरण ३५
४.१३ वार्षिक खर्च अनुसार घरपरिवार विवरण..... ३५
४.१४ शीर्षक अनुसार परिवारको वार्षिक सरदर खर्च विवरण ३६
४.१५ ऋणका आधारमा घरपरिवार विवरण ३६
४.१६ उद्देश्यका आधारमा ऋण लिने घरपरिवार विवरण..... ३७
४.१७ ऋणको स्रोत अनुसार ऋण लिने घरपरिवार विवरण..... ३७
४.१८ नजिकको बजारसम्मको पहुँचको अवस्था..... ३७
४.१९ बैंक तथा वित्तिय संस्था र सहकारी सम्बन्धी विवरण..... ३८

परिच्छेद ५ : सामाजिक अवस्था

५.१ शैक्षिक तथा मानव संशाधन विकास ४०
५.१.१ हालको साक्षरताको अवस्था..... ४०
५.१.२ शैक्षिकस्तर अनुसार जनसङ्ख्या विवरण..... ४१
५.१.३ शैक्षिक संस्था सम्बन्धी विवरण ४२
५.१.४ विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्रछात्राको विवरण ४२
५.१.५ विद्यालयको भौतिक अवस्था ४३
५.१.६ शिक्षक विवरण ४४
५.१.७ भर्ना दर, निरन्तरता दर, सिकाई उपलब्धि दर ४४
५.१.८ आधारभूत शिक्षा पूरा गर्ने विद्यार्थी..... ४४
५.१.९ छात्रवृत्ति तथा दिवा खाजा पाउने विद्यार्थी विवरण..... ४४
५.१.१० शैक्षिक गुणस्तरसँग सम्बन्धी विशेष व्यवस्था ४५
५.१.११ बालमैत्री शिक्षा सम्बन्धी विवरण..... ४५
५.१.१२ छात्रवृत्ति तथा लक्षित सुविधाको विवरण ४५
५.२ स्वास्थ्य तथा पोषण ४५
५.२.१ स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवाको विवरण ४५

५.२.२ स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्यकर्मी र अन्य जनशक्ति विवरण ४७
५.२.३ खोप तथा पोषण सम्बन्धी विवरण ४८
५.२.४ सुरक्षित मातृत्व सम्बन्धी विवरण ४८
५.२.५ मातृशिशु सुरक्षा र परिवार नियोजनको अवस्था ४९
५.२.६ गाउँपालिकाभित्र देखा परेका प्रमुख रोगहरू र तिनको उपचार सम्बन्धी विवरण ४९
५.२.७ मृत्यु हुने कारण सम्बन्धी विवरण ५०
५.२.८ परिवारका सदस्यहरूको स्वास्थ्य अवस्था ५०
५.२.९ जीवन बिमा सम्बन्धी विवरण ५१
५.२.१० बिरामी हुँदा पहिलो स्वास्थ्य परामर्शका आधारमा घरपरिवार विवरण ५१
५.२.११ स्वास्थ्य संस्थामा पहुँचको अवस्था ५१
५.२.१२ परिवार नियोजनको साधान प्रयोगको अवस्था ५२
५.२.१३ नून प्रयोग सम्बन्धी विवरण ५३
५.३ खानेपानी तथा सरसफाई ५४
५.३.१ खानेपानीको स्रोतको आधारमा घरपरिवार ५४
५.३.२ शौचालय प्रयोगको अवस्था ५४
५.४ महिला, बालबालिका तथा सामाजिक समावेशिकरण ५५
५.४.१ बालश्रमको अवस्था ५५
५.४.२ कामका आधारमा बालश्रमिकको विवरण ५५
५.४.३ बालश्रमको विद्यालय अध्ययनको अवस्था ५६
५.४.४ बाल बिवाह सम्बन्धी विवरण ५६
५.४.५ जन्म दर्ताको अवस्था ५७
५.४.६ सामाजिक सुरक्षा वृत्तिको अवस्था ५७
५.५ युवा तथा खेलकुद र मनोरञ्जन ५८
५.५.१ खेलमैदान, पिकनिक तथा मनोरञ्जन स्थल सम्बन्धी विवरण ५८
५.५.२ व्यावसायिक खेलाडीको विवरण ५९
५.६ कला, भाषा तथा संस्कृति ५९
५.६.१ स्थानीय चाडपर्व, जात्रा र मेला ५९
५.६.२ धार्मिक तथा ऐतिहासिक स्थलको विवरण ६०
५.७ बेरोजगारीको अवस्था ६१

परिच्छेद ६ : वन तथा वातावरणीय स्थिति

६.१ वन क्षेत्रको अवस्था ६२
६.१.१ वनजन्य उत्पादन विवरण ६२
६.१.२ जडिबुटीको उपलब्धता ६२
६.२ चरन क्षेत्र ६३
६.३ विपद जोखिम तथा व्यवस्थापन ६५
६.३.१ जोखिमयुक्त (संवेदनसील) स्थानमा बसोवास गरेका परिवार विवरण ६५
६.३.२ विपदको असर सम्बन्धी विवरण ६५
६.३.३ विपदको किसिम अनुसार जोखिमको समय ६६
६.३.४ भवन मापदण्ड तथा भुकम्प प्रतिरोधी घरको विवरण ६६
६.३.५ घर नक्शा पास सम्बन्धी विवरण ६७
६.३.६ संरक्षित पानीमुहान, जमिन र भौतिक संरचना ६७
६.४ जलस्रोत तथा जलाधर क्षेत्र र उपयोगको स्थिति ६८

परिच्छेद ७ : भौतिक विकासको अवस्था

७.१ यातायात पूर्वाधार ६९
७.१.१ सडक मार्ग/सञ्जालको विद्यमान अवस्था ६९
७.१.२ पुल तथा पुलेसा ७१
७.१.३ पैदल मार्ग ७३
७.१.४ बाटोमा पहुँचका आधारमा घरपरिवार विवरण ७४
७.२ विद्युत तथा बैकल्पिक उर्जा ७५
७.२.१ खाना पकाउने इन्धनको आधारमा घरपरिवार ७५

७.२.२ बत्तीको प्रमुख स्रोतका आधारमा घरपरिवार ७५
७.३ सञ्चार तथा प्रविधि ७६
७.३.१ आधुनिक सुविधामा पहुँच सम्बन्धी विवरण ७६
७.४ आवास तथा भवन ७७
७.४.१ घरको जगका आधारमा घरपरिवार ७७
७.४.२ छानोको प्रकारका आधारमा घरपरिवार ७७
७.४.३ आवासीय स्वामित्वका आधारमा घरपरिवार ७८
७.४.४ घर सङ्ख्याका आधारमा घरपरिवार ७८
७.४.५ उपयोग गरिएको कोठाका आधारमा घरपरिवार ७९
७.४.६ बसोवासको प्रकृति अनुसार घरपरिवार ७९
७.५ सरकारी भवन सम्बन्धी विवरण ७९
७.६ सार्वजनिक तथा सामुदायिक भवन ८०

परिच्छेद ८ : संस्थागत तथा सुशासनको स्थिति

८.१ संगठनात्क तथा मानव संशाधनको अवस्था ८१
८.१.१ गाउँपालिका, सरकारी कार्यालय तथा निकायहरू ८१
८.१.२ गाउँ सभा पदाधिकारी सम्बन्धी विवरण ८३
८.१.३ गाउँपालिकाको विषयगत शाखा तथा मानव संसाधन ८४
८.१.४ गाउँपालिकाको आय विवरण ८४
८.२ सङ्घ/संस्था सम्बन्धी विवरण ८६
८.२.१ सामुदायिक संस्था विवरण ८६
८.२.२ आमा महिला तथा बचत समूहको विवरण ८६
८.२.३ कृषक तथा उद्यमी समूह सम्बन्धी विवरण ८९
८.२.४ नागरिक सचेतना केन्द्र तथा टोल विकास संस्थाको विवरण ८९
८.२.५ गैर सरकारी संस्था सम्बन्धी विवरण ९०

अनुसूचीहरु

अनुसूची १ : वस्तुस्थिति विवरण तयारीका लागि प्रयोग गरिएको फारम ९१
अनुसूची १ (क) : संस्थागत तथ्याङ्क सङ्कलन/सर्वेक्षण फाराम ९१
अनुसूची १ (ख) : पारिवारिक विवरण सङ्कलन फाराम ११४
अनुसूची २ : विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्रछात्रा विवरण १२१
अनुसूची ३ : विद्यालयको भौतिक अवस्था १२३
अनुसूची ४ : शिक्षक विवरण १२५
अनुसूची ५ : भर्ना दर, निरन्तरता दर र सिकाई उपलब्धि दर १२८
अनुसूची ६ : आधारभूत तह पूरा गर्ने विद्यार्थी १३०
अनुसूची ७ : छात्रवृत्ति तथा दिवा खाना पाउने विद्यार्थी विवरण १३२
अनुसूची ८ : शैक्षिक गुणस्तरसँग सम्बन्धित विशेष व्यवस्था १३४
अनुसूची ९ : बालमैत्री शिक्षा सम्बन्धी विवरण १३६
अनुसूची १० : छात्रवृत्ति तथा लक्षित सुविधाको विवरण १३८
सन्दर्भ सामाग्री १४०

तालिका सूची

तालिका १ : भौगोलिक अवस्थिति ५
तालिका २ : भूउपयोगको अवस्था ६
तालिका ३ : विकासका सम्भावनाहरू ७
तालिका ४ : जनसङ्ख्या वितरणको अवस्था ९
तालिका ५ : जनघनत्वको अवस्था १०
तालिका ६ : उमेर तथा लिङ्गको आधारमा जनसङ्ख्या विवरण १०
तालिका ७ : मातृभाषाको आधारमा जनसङ्ख्या विवरण ११
तालिका ८ : धर्म अनुसार जनसङ्ख्या विवरण ११
तालिका ९ : जातिगत आधारमा घरपरिवार विवरण ११
तालिका १० : जातिगत आधारमा जनसङ्ख्या विवरण १२
तालिका ११ : घरमुलीको विवरण १२
तालिका १२ : अपाङ्गताको आधारमा जनसङ्ख्या विवरण १३
तालिका १३ : बसोबारको अवस्था सम्बन्धी विवरण १४
तालिका १४: वैवाहिक स्थिति सम्बन्धी विवरण १४
तालिका १५ : व्यक्तिगत घटना विवरण १४
तालिका १६ : बिगत पाँच वर्षमा बसाईसराई गरी आउने घरपरिवार विवरण १५
तालिका १७ : बसाईसराईको कारण अनुसार घरपरिवार विवरण १५
तालिका १८ : बिवाह दर्ता सम्बन्धी विवरण १६
तालिका १९ : प्रमुख पेसा अनुसार जनसङ्ख्या १७
तालिका २० : प्राविधिक तथा विशेष सीप भएका मानव संसाधनको विवरण १८
तालिका २१ : वैदेशिक रोजगारमा गएकाहरूको विवरण १८
तालिका २२ : सिँचाइ सुविधा सम्बन्धी विवरण १९
तालिका २३ : सिँचाइ सुविधाको आधारमा खेती गर्ने घरपरिवार विवरण २०
तालिका २४ : कृषि कार्यमा उपयोग भएको जग्गा र स्वामित्व सम्बन्धी विवरण २१
तालिका २५ : कृषि कार्यमा जमिनको उपयोगको अवस्था २१
तालिका २६ : खेती योग्य जमिनको विवरण २१
तालिका २७ : अन्न, दलहन र तेलहन बाली उत्पादन र विक्री सम्बन्धी विवरण २२
तालिका २८ : फलफूल, तरकारी र नगदेबाली सम्बन्धी विवरण २२
तालिका २९ : बैकल्पिक बाली सम्बन्धी विवरण २३
तालिका ३० : पशुपंक्षी पालनको अवस्था सम्बन्धी विवरण २३
तालिका ३१ : श्रमजन्य पशुपालन तथा दूधजन्य उत्पादनको अवस्था २४
तालिका ३२ : मासुजन्य पशुपंक्षी पालनको अवस्था २५
तालिका ३३ : पशुपंक्षीजन्य उत्पादन विक्रीका आधारमा घरपरिवार २५
तालिका ३४ : कृषि उत्पादन तथा कमाईमा आत्मनिर्भरताको अवस्था २५
तालिका ३५ : कृषि तथा पशुसेवासँग सम्बन्धित मानव संसाधन २६
तालिका ३६ : कृषि उपजमा लाग्ने रोग तथा कीरा २७
तालिका ३७ : पशुपंक्षीमा लाग्ने रोग तथा कीरा २७

तालिका ३८ : व्यवसायिक कृषि फर्म सम्बन्धी विवरण २७
तालिका ३९ : कृषि तथा पशु सेवासँग सम्बन्धित सामुदायिक संस्था तथा समूहको विवरण..... २८
तालिका ४० : सार्वजनिक पोखरी तथा माछापालन सम्बन्धी विवरण २८
तालिका ४१ : पर्यटकीय स्थलहरूको विवरण २९
तालिका ४२ : होटल, रिसोर्ट तथा रेष्टुरेन्ट सम्बन्धी विवरण..... ३०
तालिका ४३ : मिल, सङ्कलन तथा प्रशोधन सम्बन्धी विवरण ३०
तालिका ४४ : उत्पादन तथा सेवामूलक उद्योग सम्बन्धी विवरण ३०
तालिका ४५ : व्यापार र व्यवसाय सम्बन्धी विवरण..... ३१
तालिका ४६ : कृषि तथा हाट बजार सम्बन्धी विवरण..... ३२
तालिका ४७ : व्यवसायी सीपमूलक तालिम लिने घरपरिवारको विवरण ३२
तालिका ४८ : अवधिका आधारमा तालिम लिनेहरूको सङ्ख्या..... ३३
तालिका ४९ : बैङ्क तथा वित्तीय संस्थामा खाता हुने घरपरिवार सम्बन्धी विवरण ३३
तालिका ५० : वित्तीय संस्था अनुसार खाता खाता हुने घरपरिवार विवरण ३४
तालिका ५१ : वार्षिक आम्दानी अनुसार घरपरिवार विवरण ३४
तालिका ५२ : शीर्षक अनुसार परिवारको वार्षिक सरदर आम्दानी विवरण ३५
तालिका ५३ : वार्षिक खर्च अनुसार घरपरिवार विवरण ३५
तालिका ५४ : शीर्षक अनुसार परिवारको वार्षिक सरदर खर्च विवरण..... ३६
तालिका ५५ : ऋणका आधारमा घरपरिवार विवरण..... ३६
तालिका ५६ : उद्देश्यका आधारमा ऋण लिने घरपरिवार विवरण ३७
तालिका ५७ : ऋणको स्रोत अनुसार ऋण लिने घरपरिवार विवरण ३७
तालिका ५८ : नजिकको बजारसम्मको पहुँचको अवस्था ३८
तालिका ५९ : बैंक तथा वित्तीय संस्था र सहकारी सम्बन्धी विवरण ३८
तालिका ६० : हालको साक्षरताको अवस्था (प्रतिशतमा) ४०
तालिका ६१ : शैक्षिकस्तर अनुसार जनसङ्ख्या विवरण..... ४१
तालिका ६२ : शैक्षिक संस्था सम्बन्धी विवरण..... ४२
तालिका ६३ : विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्रछात्राको विवरण ४३
तालिका ६४ : विद्यालयको भौतिक अवस्था ४३
तालिका ६५ : शिक्षक विवरण ४४
तालिका ६६ : भर्ना दर, निरन्तरता दर, सिकाई उपलब्धि दर ४४
तालिका ६७ : आधारभूत शिक्षा पूरा गर्ने विद्यार्थी..... ४४
तालिका ६८ : छात्रवृत्ति तथा दिवा खाजा पाउने विद्यार्थी विवरण..... ४५
तालिका ६९ : छात्रवृत्ति तथा लक्षित सुविधाको विवरण ४५
तालिका ७० : स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवाको विवरण ४६
तालिका ७१ : स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्यकर्मी र अन्य जनशक्ति विवरण ४७
तालिका ७२ : खोप तथा पोषण सम्बन्धी विवरण ४८
तालिका ७३ : सुरक्षित मातृत्व सम्बन्धी विवरण ४८
तालिका ७४ : मातृशिशु सुरक्षा र परिवार नियोजनको अवस्था ४९
तालिका ७५: गाउँपालिकाभित्र देखा परेका प्रमुख रोगहरू र तिनको उपचार सम्बन्धी विवरण..... ४९

तालिका ७६ : मृत्यु हुने कारण सम्बन्धी विवरण ५०
तालिका ७७ : परिवारका सदस्यहरूको स्वास्थ्य अवस्था ५०
तालिका ७८ : जीवन बिमा सम्बन्धी विवरण ५१
तालिका ७९: बिरामी हुँदा पहिलो स्वास्थ्य परामर्शका आधारमा घरपरिवार विवरण ५१
तालिका ८० : स्वास्थ्य संस्थामा पहुँचको अवस्था ५२
तालिका ८१ : परिवार नियोजनको साधान प्रयोगको अवस्था ५२
तालिका ८२ : नून प्रयोग सम्बन्धी विवरण ५३
तालिका ८३ : खानेपानीको स्रोतको आधारमा घरपरिवार ५४
तालिका ८४ : शौचालय प्रयोगको अवस्था ५४
तालिका ८५ : बालश्रमको अवस्था ५५
तालिका ८६ : कामका आधारमा बालश्रमिकको विवरण ५६
तालिका ८७ : बालश्रमिकको विद्यालय अध्ययनको अवस्था ५६
तालिका ८८ : बाल बिवाह सम्बन्धी विवरण ५६
तालिका ८९ : जन्म दर्ताको अवस्था ५७
तालिका ९० : सामाजिक सुरक्षा वृत्तिको अवस्था ५७
तालिका ९१ : सामाजिक सुरक्षा वृत्तिको अवस्था (घरपरिवार सर्वेक्षण) ५८
तालिका ९२ : खेलमैदान, पिकनिक तथा मनोरञ्जन स्थल सम्बन्धी विवरण ५८
तालिका ९३ : व्यवसायिक खेलाडीको विवरण ५९
तालिका ९४ : स्थानीय चाडपर्व, जात्रा र मेला ५९
तालिका ९५ : धार्मिक तथा ऐतिहासिक स्थलको विवरण ६०
तालिका ९६ : बेरोजगारीको अवस्था ६१
तालिका ९७ : वन क्षेत्रको अवस्था ६२
तालिका ९८ : जडिबुटीको उपलब्धता ६३
तालिका ९९ : चरन क्षेत्र ६४
तालिका १००: जोखिमयुक्त (संवेदनसील) स्थानमा बसोवास गरेका परिवार विवरण ६५
तालिका १०१ : विपदको असर सम्बन्धी विवरण ६६
तालिका १०२ : विपदको किसिम अनुसार जोखिमको समय ६६
तालिका १०३ : भवन मापदण्ड तथा भुकम्प प्रतिरोधी घरको विवरण ६६
तालिका १०४ : घर नक्शा पास सम्बन्धी विवरण ६७
तालिका १०५ : संरक्षित पानीमुहान, जमिन र भौतिक संरचना ६७
तालिका १०६ : सडक मार्ग/सञ्जालको विद्यमान अवस्था ७०
तालिका १०७ : पुल तथा पुलेसा ७१
तालिका १०८ : पैदल मार्ग ७३
तालिका १०९ : बाटोमा पहुँचका आधारमा घरपरिवार विवरण ७४
तालिका ११० : खाना पकाउने इन्धनको आधारमा घरपरिवार ७५
तालिका १११ : बत्तीको प्रमुख स्रोतका आधारमा घरपरिवार ७५
तालिका ११२ : आधुनिक सुविधामा पहुँच सम्बन्धी विवरण ७६
तालिका ११३ : घरको जगको आधारमा घरपरिवार ७७

तालिका ११४ : छानोको प्रकारका आधारमा घरपरिवार ७७
तालिका ११५ : आवासीय स्वामित्वका आधारमा घरपरिवार ७८
तालिका ११६ : घर सङ्ख्याका आधारमा घरपरिवार ७८
तालिका ११७ : उपयोग गरिएको कोठाका आधारमा घरपरिवार ७९
तालिका ११८ : बसोवासको प्रकृति अनुसार घरपरिवार ७९
तालिका ११९ : सरकारी भवन सम्बन्धी विवरण ८०
तालिका १२० : सार्वजनिक तथा सामुदायिक भवन ८०
तालिका १२१ : गाउँपालिका, सरकारी कार्यालय तथा निकायहरू ८१
तालिका १२२ : गाउँ सभा पदाधिकारी सम्बन्धी विवरण ८३
तालिका १२३ : गाउँपालिकाको विषयगत शाखा तथा मानव संसाधन ८४
तालिका १२४ : गाउँपालिकाको आय विवरण ८४
तालिका १२५ : सामुदयिक संस्था विवरण ८६
तालिका १२६ : आमा महिला र बचत समूहको विवरण ८६
तालिका १२७ : कृषक तथा उद्यमी समूह सम्बन्धी विवरण ८९
तालिका १२८ : नागरिक सचेतना केन्द्र तथा टोल विकास संस्थाको विवरण ८९
तालिका १२९ : गैर सरकारी संस्था सम्बन्धी विवरण ९०

मानचित्र सूची

मानचित्र १ : जनसङ्ख्या वितरणको अवस्था ९
मानचित्र २ : घरमुलीको विवरण १३
मानचित्र ३ : प्रमुख पेसा अनुसार जनसङ्ख्या १७
मानचित्र ४: वैदेशिक रोजगारमा गएकाहरूको विवरण १९
मानचित्र ५: पशुपालनका आधारमा घरपरिवार २४
मानचित्र ६ : कृषि उत्पादन तथा कमाईमा आत्मनिर्भरताको अवस्था २६
मानचित्र ७ : बैंक तथा वित्तीय संस्थामा खाता हुने घरपरिवार ३४
मानचित्र ८ : हालको साक्षरताको अवस्था ४०
मानचित्र ९ : शौचालय प्रयोगको अवस्था ५५
मानचित्र १० : बत्तीको प्रमुख स्रोतका आधारमा घरपरिवार ७६

परिच्छेद १ : परिचय

गुणात्मक र परिमाणात्मक तथ्यहरूका आधारमा गाउँ वा नगरपालिकाको समग्र अवस्थालाई चित्रित गर्ने सूचनाको एकीकृत दस्तावेज गाउँ/नगर वस्तुस्थिति विवरण/प्रोफाइल वा पार्श्वचित्र हो । कानुनी/नीतिगत तथा व्यवहारिक दृष्टिले यस्तो दस्तावेजको तयारी हरेक गाउँ/नगरपालिकाको अनिवार्य दायित्वको रूपमा रहेको छ । जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधारलगायतका क्षेत्रको तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण कार्यलाई व्यवस्थित रूपमा सम्पन्न गरी सिदिङ्वा गाउँपालिकाको वस्तुस्थिति विवरण तयार गरिएको छ । वस्तुस्थिति विवरण तयारीको पृष्ठभूमि, उद्देश्य, नीतिगत तथा कानुनी आधार, तयारीका चरण र सीमालाई यस परिच्छेदमा उल्लेख गरिएको छ ।

१.१ पृष्ठभूमि

मूल संरचनाका रूपमा सङ्घ, प्रदेश र स्थानीय तहले शासन सञ्चालन गर्ने संवैधानिक व्यवस्था बमोजिम स्थानीय तह अन्तर्गत गाउँपालिका र नगरपालिकाले स्थानीय सरकारका रूपमा शासन सञ्चालन गर्दछ । सङ्घीय शासन व्यवस्थाको मर्म अनुसार तीनवटै तहले सहकारिता, समन्वय र सहअस्तित्वको सिद्धान्तका आधारमा शासन सञ्चालन हुने कुराको परिकल्पना गरिएको छ । लोकतन्त्रका लाभहरूको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवादउन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न सङ्घीय कानुनका रूपमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भइसकेको छ । यस ऐनले स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय शासनमा सहभागिता, जवाफदेहिता, पारदर्शिता सुनिश्चित गरी सुलभ सेवा प्रवाह गर्ने अपेक्षा गरेको छ । स्थानीय सेवा व्यवस्थापनमा प्रभावकारितासँगै विकास प्रक्रियालाई द्रुततर तुल्याई जनअपेक्षाको सम्बोधन गर्ने ऐतिहासिक जिम्मेवारी स्थानीय सरकारको काँधमा आएको छ ।

संवैधानिक रूपमा प्राप्त जिम्मेवारीलाई जनताको सबैभन्दा नजिकको सरकारको रूपमा पूरा गर्न स्थानीय सरकारहरू अग्रसर रहेका छन् । जनताको शान्ति, विकास र समृद्धिको चाहना पूरा गर्ने दायित्व प्रमुख रूपमा स्थानीय सरकारमा रहेको छ । जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई जनतामा महसूश हुने गरी विकासको प्रतिफल सबैले प्राप्त गर्ने दिशामा केन्द्रित हुनु जरुरी छ । दिगो विकास लक्ष्य र सङ्घीय तथा प्रादेशिक योजनाले परिलक्ष्यित गरेका सवालहरूलाई अनुकूल हुने गरी स्थानीय सरकारको प्राथमिकतामा हुनु आवश्यक छ । नयाँ परिवेश र नव स्थापित संरचनाले आर्थिक स्रोत तथा जनशक्तिको सीमितताका बावजूद सुशासन र विकासको आकाङ्क्षालाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ । वस्तुस्थिति विवरणले गाउँ/नगरपालिकाको वर्तमान अवस्था, सम्भावना र आवश्यकताको विश्लेषण गर्न आवश्यक सूचना उपलब्ध गराउन महत्त्वपूर्ण हुनेदेखिन्छ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको वार्षिक बजेट तथा योजना दिग्दर्शन २०७४ र गाउँ/नगर वस्तुस्थिति विवरण तयारी कार्यविधि २०७५ ले नगर क्षेत्रको समग्र वस्तुस्थिति झल्किने वस्तुस्थिति विवरण तयारीलाई स्थानीय सरकारको अनिवार्य दायित्वका रूपमा प्रष्ट्याएको छ । गाउँ क्षेत्रको वस्तुस्थिति विवरणले खण्डीकृत र क्षेत्रगत तथ्याङ्क सहितको एकीकृत सूचना प्रस्तुत गर्दछ । सङ्घीय सरकारले हालै सबै स्थानीय तहमा एकरूपता र स्तरीयता कायम हुने गरी प्राकृतिक, साँस्कृतिक, आर्थिक, सामाजिक र पूर्वाधार जस्ता क्षेत्र समेटिएको डिजिटल वस्तुस्थिति विवरण तयारी गर्न गाउँ/नगर वस्तुस्थिति विवरण तयारी कार्यविधि २०७५ तयार गरी उपलब्ध गराइ सकेको छ । सिदिङ्वा गाउँपालिकाको नेतृत्वमा तयार हुने वस्तुस्थिति विवरणले कार्य सम्पादन, सेवा प्रवाह, आन्तरिक राजश्व असुली तथा योजना तर्जुमाका लागि सूचनाको आधार तयार गर्न महत्त्वपूर्ण हुनेछ । सङ्घीय सरकारले उपलब्ध गराएको कार्यविधि, सरोकारवालासँगको परामर्श, विगतका सफल अभ्यास र विज्ञहरूका सुझावहरूलाई समेत समावेश गरी तयार गरिएको यस वस्तुस्थिति विवरणले गाउँपालिकाका समग्र गतिविधिलाई अझै बढी प्रभावकारी गराउन सहयोगी हुनेछ ।

१.२ उद्देश्य

सिदिङ्वा गाउँपालिकाको विकासको विद्यमान अवस्था, सम्भावना र स्रोतका सम्बन्धमा आवश्यक सूचना व्यवस्थापन गर्न गाउँ क्षेत्रको समग्र स्थिति झल्किने वस्तुस्थिति विवरण तयार गर्नु यस प्रतिवेदनको प्रमुख उद्देश्य हो । यसका विशेष उद्देश्य देहायअनुसार रहेका छन् :

क) गाउँको जनसाङ्ख्यिक, भू-जैविक, भौतिक, मानवीय, आर्थिक, सामाजिक, वातावरण र संस्थागत क्षेत्रको विषयगत र वस्तुगत स्थिति चित्रण हुने गरी वस्तुगत विश्लेषण सहितको विवरण तयार गर्ने ।

ख) गाउँपालिका, विषयगत कार्यालय/शाखा, सङ्घ/संस्थाको विवरण, अध्ययन, सर्वेक्षण तथा प्रगति प्रतिवेदनबाट प्राप्त आधारभूत तथा संस्थागत तथ्याङ्क एकीकृत गर्नुका साथै विश्लेषणसमेत गरी विषयगत रूपमा गाउँको एकीकृत वस्तुगत विवरण तयार गर्ने ।

ग) गाउँपालिकाको सेवा प्रवाह, स्थानीय राजस्वको आधार र दर निर्धारण तथा विकास निर्माण कार्यका लागि आवश्यक वस्तुगत तथा विषयगत सूचना उपलब्ध गराउने ।

घ) गाउँपालिकाको वार्षिक, एकीकृत, आवधिक/रणनीतिक तथा गुरुयोजना र विषयगत योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनको लागि विषयगत र खण्डीकृत सूचना विवरण उपलब्ध गराउने ।

१.३ कानुनी तथा नीतिगत आधार

गाउँ वस्तुगत विवरण तयारी कार्यलाई चरणबद्ध र व्यवस्थित रूपमा सञ्चालन गर्न देहायअनुसारका कानूनी तथा नीतिगत आधारहरू रहेका छन् :

क. नेपालको संविधान : नेपालको संविधानको स्थानीय तहको एकल अधिकारलाई उल्लेख गरिएको अनुसूची ८ को क्रमसङ्ख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख सङ्कलन सम्बन्धी अधिकारलाई सूचीकृत गरिएको छ ।

ख. स्थानीय सरकार सञ्चानल ऐन, २०७४ : यस ऐनको दफा ११ को उपदफा २ च, ड र थ मा गाउँपालिका वा नगरपालिकाको अधिकार क्षेत्र अन्तर्गत तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने सम्बन्धी व्यवस्था गरेको छ । जस अन्तर्गत, जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल गार्हस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकाङ्क, राजश्व तथा आय–व्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आबद्धता र पार्श्वचित्र तथा स्रोत नक्साको अद्यावधिक अभिलेखनलाई गाउँपालिका वा नगरपालिकाको काम कर्तव्य र अधिकार भनी उल्लेख गरिएको छ ।

ग. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ : दिग्दर्शनमा “गाउँपालिका वा नगरपालिकाले वार्षिक योजना र बजेट तर्जुमा गर्नुपूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थितिदेखिने गरी वस्तुस्थिति विवरण तयार वा अद्यावधिक गर्नु पर्नेछ । अद्यावधिक वस्तुस्थिति विवरण आफ्नो वेवसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ ।” भनी स्पष्ट रूपमा उल्लेख गरिएको छ ।

घ. गाउँ/नगर वस्तुस्थिति विवरण तयारी कार्यविधि २०७५ : कार्यविधिले सूचना प्रविधिमा आधारित भई तथ्याङ्क सङ्कलन, भण्डारण, प्रशोधन र विश्लेषण गरी वस्तुस्थिति विवरण प्रकाशन र अद्यावधिक कार्यमा एकरूपता र स्तरीयता कायम गर्न स्तरीय ढाँचा, औजार र प्रक्रियाका बारेमा स्पष्ट्याएको छ ।

१.४ तयारीका चरण

नेपाल सरकारले उपलब्ध गराएको गाउँ/नगरपलिका वस्तुस्थिति विवरण कार्यविधि २०७५ को व्यवस्था सहित विगतका सिकाई, विषय विज्ञका सुझाव र नगरपालिकाका सरोकारवालासँगको सहमति अनुसार डिजिटल वस्तुस्थिति विवरण तयार गरिएको छ । वस्तुस्थिति विवरण तयारीमा देहाय बमोजिम चरण र प्रक्रिया अवलम्बन गरिएको छ :

१.४.१ गाउँपालिका वस्तुस्थिति विवरण तयारीको ढाँचा, सर्भेक्षण औजार तथा कार्यविधि र प्रक्रिया निर्धारण

नेपाल सरकारबाट उपलब्ध स्थानीय तहको वस्तुस्थिति विवरण तयारी कार्यविधि २०७५ अनुसारको स्तरीय ढाँचा, सर्भेक्षण र औजारलाई गाउँपालिकाबाट आवश्यक संशोधन सहित स्वीकृत गरिएको थियो । गाउँ वस्तुस्थिति विवरणको

ढाँचा, सर्भेक्षण औजारलाई स्थानीय परिवेश र विशिष्टताअनुसार डिजिटल गाउँ वस्तुस्थिति विवरण तयार गरिएको छ । गाउँ वस्तुस्थिति विवरण तयारीमा उपयोग गरिएको घरपरिवार सर्भेक्षणफारम र संस्थागत सर्भेक्षणफारम उपयोगका साथै स्रोत नक्शा तयारीका जिआइएस नक्शाङ्कन गर्ने निर्णय गरिएको थियो ।

१.४.२ गाउँपालिका स्तरीय अभिमुखीकरण तथा सहमति निर्माण

गाउँपालिका वस्तुस्थिति विवरण तयारीका लागि विद्यमान कानूनी तथा नीतिगत व्यवस्था अनुसार परामर्शदात्री संस्था सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा.लि. सँग भएको सम्झौता बमोजिमको प्राविधिक तथा विशेषज्ञ सहयोगी परिचालन गरिएको थियो । गाउँसभा तथा गाउँ कार्यपालिका सदस्यहरू र गाउँविकास सरोकारवालाहरूको सहभागितामा गाउँ कार्यपालिकाले मिति २०७६ वैशाख २७ गते अभिमुखीकरण कार्यक्रम आयोजना गरी गाउँ वस्तुस्थिति विवरणको आवश्यकता, महत्त्व र उपयोगका विषयमा जानकारी गराई वस्तुस्थिति विवरण तयारीको कार्ययोजनाअनुसार सिदिङ्वा गाउँपालिकाको नेतृत्वमा यो गाउँ वस्तुस्थिति विवरण तयार गरिएको छ ।

१.४.३ तथ्याङ्क सङ्कलन

वस्तुस्थिति विवरण तयारीका लागि पारिवारिक विवरण तथा संस्थागत तथ्याङ्क सङ्कलनका साथै जानकार व्यक्ति अन्तरवार्ता, सहभागितामूलक छलफल र भौगोलिक सूचना प्रणालीको उपयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि उपयोग गरिएका पारिवारिक विवरण सङ्कलन गर्ने फारम **अनुसूची १ (क)** र संस्थागत सर्भेक्षणफारम **अनुसूची १ (ख)** मा उल्लेख गरिएको छ । संस्थागत तथ्याङ्कको प्रमुख स्रोतहरूमा गाउँ कार्यपालिका कार्यालय, सङ्घीय तथा प्रदेशस्तरीय कार्यालय, केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय योजना आयोग, शैक्षिक संस्था, स्वास्थ्य संस्था, गैसस र समुदायमा आधारित संस्था, बैंक तथा वित्तीय संस्था र उक्त कार्यालय, निकाय र संस्थाको अभिलेख तथा प्रतिवेदन र अनुसन्धानमूलक दस्तावेजहरू प्रमुख रूपमा रहेका छन् । परापर्शदात्री संस्थाका विज्ञ, स्थानीय सहजकर्ता तथा गणकहरू परिचालन गरी उपलब्ध सर्वेक्षण विधि तथा तत्सम्बन्धी औजार बमोजिम तथ्याङ्क सङ्कलन गरिएको थियो । त्यसरी नै स्रोत नक्शा तयारीको लागि विषय विज्ञ र स्थानीयस्तरमा छनौट गरिएका सहजकर्ताहरूलाई तालिम दिई वडा समितिका पदाधिकारी र अन्य बुद्धिजीविहरूको सहभागितामा Google earth का माध्यमबाट बाटो, कार्यालय, नदी, पोखरी, ताल र बाढी कटान क्षेत्र जस्ता स्रोतहरूको नक्शाङ्कन तथा आवश्यक तथ्याङ्क सङ्कलन गरिएको थियो ।

१.४.४ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र स्रोत नक्शा तयारी

प्राप्त तथ्याङ्कलाई सूचनाको आवश्यकता अनुसार तथ्याङ्कशास्त्रीय विधि अनुसार Database Management तथा IT विज्ञहरूद्वारा विश्लेषण गरिएको थियो । यसमा विषय क्षेत्रगत, वडागत र सामाजिक संरचनागत (लैङ्गिक र जातिगत) अनुसार प्रस्तुत गरिएको छ । यसैगरी प्रतिवेदन वा अभिलेखबाट प्राप्त जिल्लागत तथ्याङ्कलाई गाउँपालिकाको प्रतिनिधित्व हुने वा सामान्यीकरण गर्न मिल्ने हदसम्म सोही अनुसार हुने गरी उल्लेख गरिएको छ । भौगोलिक सूचना प्रणालीको उपयोग गरी भौगोलिक, भौतिक, प्राकृतिक, सामाजिक, साँस्कृतिक, आर्थिक तथा संस्थागत विवरणलाई भौगोलिक सूचना प्रणालीमा आधारित स्रोत नक्शा तयार गरिएको छ । नगर वस्तुस्थिति विवरणको डिजिटल प्रतिलाई https://lgprofile.robustitconcepts.com/ मा Log in गरी नगरपालिकाको आधिकारिक संयन्त्रले अद्यावधिक गर्न सकिने र वेवसाइट तथा मोवाइल एपमार्फत हासिल गर्न सकिने गरी तयार गरिएको छ ।

१.४.५ वस्तुस्थिति विवरणको मस्यौदा तयारी

नेपाल सरकारबाट उपलब्ध गाउँ वस्तुस्थिति विवरणको ढाँचा, गाउँ कार्यपालिका र सरोकारसँगको छलफल र निस्कर्ष बमोजिम नगर वस्तुस्थिति विवरणको मस्यौदा तयार गरिएको छ । मस्यौदा तयार गर्दा उपलब्ध ढाँचामा स्थानीय परिवेश र विशिष्टता, विषय तथा सूचना र विवरणलाई समावेश गर्ने प्रयास गरिएको छ । मस्यौदामा सम्भव भएसम्मका सूचनालाई स्रोत नक्शाको रूपमा जिआईइस नक्शामा प्रस्तुत गरिएको छ ।

१.४.६ वस्तुस्थिति विवरण सुझाव सङ्कलन

स्थानीय तहको वस्तुगत विवरण कार्यविधिमा उल्लिखित स्तरीय ढाँचा बमोजिम तयार गाउँ वस्तुगत विवरणको मस्यौदा प्रस्तुत तथा छलफल गरी सुझाव प्राप्त गर्न गाउँपालिका स्तरीय प्रमाणीकरण कार्यशाला गोष्ठीको आयोजना गरिएको

थियो । कार्यशालामा विषयगत रूपमा मस्यौदा वस्तुगत विवरणको सूचना तथा विवरण प्रस्तुत गरी विषयगत समूह तथा बृहत् समूहमा छलफल गरी सुझाव सङ्कलन गर्नुका साथै वस्तुगत विवरणलाई औपचारिक रूपमा अनुमोदन गरी प्रस्तुत सूचना तथा विवरणलाई गाउँपालिकाको आधाररेखा सूचनाको रूपमा लिई योजना तर्जुमा, नतिजा अनुगमन तथा विकासका उपलब्धिको लेखाजोखाका लागि प्रयोग गर्ने प्रतिबद्धता प्राप्त गरिएको थियो । यसैगरी मस्यौदा विवरणमा वडा समिति र शाखा तथा इकाई र जिल्ला समन्वय समिति (जिसस)र सहयोगी निकायहरूलाई उपलब्ध गराई सुझाव सङ्कलन गरिएको थियो ।

१.४.७ गाउँ वस्तुस्थिति विवरण अन्तिम प्रतिवेदन तयारी

गाउँ वस्तुस्थिति विवरण प्रमाणीकरण कार्यशालाबाट प्राप्त राय तथा सुझाव, जिसस, विषयगत शाखा, वडा समिति र सरोकारवालाबाट प्राप्त सुझावलाई समेत समावेश गरी गाउँ वस्तुस्थिति विवरणको अन्तिम प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनको मुद्रित प्रतिसहित डिजिटल प्रतिलाई वेभ साइट र मोवाइल एपका माध्यमबाट सार्वजनिक गरिएको छ ।

१.५ सीमा

गाउँ वस्तुस्थिति विवरणलाई नेपाल सरकारद्वारा जारी कार्यविधि, स्थानीय आवश्यकता तथा विगतमा गरिएका अनुभव बमोजिम तयार गरिएको छ । विवरणमा यथासक्य बढी सूचना समाविष्ट हुने गरी बढी व्यावहारिक र उपयोगी गराउने प्रयास भए तापनि स्थानीय शासन सञ्चालनको सुरुवाती अवस्था भएको हुँदा विविध कठिनाईहरू आइपर्‍यो । तथापि सबैको प्रयासबाट गाउँ वस्तुस्थिति विवरण तयारी कार्य पूरा गरिएको छ । प्रस्तुत तथ्याङ्कलाई सम्भव भएसम्म वडागत र सामाजिक रूपमा खण्डीकृत र विषयगत रूपमा एकीकृत गर्ने प्रयास गरिएको छ । सिमित स्रोतसाधनका बावजूद पहिलो प्रयासको रूपमा तयार गरिएको यस वस्तुस्थिति विवरण आगामी दिनमा आवश्यकता अनुसार परिमार्जन गर्दै लगिने छ ।

परिच्छेद २ : गाउँपालिकाको विद्यमान अवस्था

ताप्लेजुङ जिल्लामा विद्यमान ९ स्थानीय तहहरू मध्ये सिदिङ्वा गाउँपालिका जिल्लाको दक्षिण पूर्वी क्षेत्रमा भारतीय सीमावर्ती क्षेत्रसँग जोडिएर रहेको छ। साविक कालीखोला, सादेवा, आँखोप, साब्लाखु, लिम्बुदिन, मेहेले र सुरुम्खिम गरी ७ वटा गाविस मिलेर बनेको यो गाउँपालिका २०५.९९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ। १ नं. प्रदेश अन्तर्गत उच्च पहाडी तथा हिमाली भेगको विशेषता बोकेको यस गाउँपालिकाको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामकरण, राजनीतिक अवस्थिति, प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता र विकासका सम्भावनाहरूलाई देहाय बमोजिमका शीर्षकहरूमा व्याख्या गरिएको छ।

२.१ भौगोलिक अवस्थिति

सिदिङ्वा गाउँपालिका प्रदेश नं. १ अन्तर्गत ताप्लेजुङ्ग जिल्लामा अवस्थित उच्च पहाडी तथा हिमाली विशेषता बोकेको गाउँपालिका हो। साविक कालीखोला, सादेवा, आंखोप, साव्लाखु, लिम्बुदिन, मेहेले र सुरुम्खिम गाविसहरू मिलेर यो गाउँपालिका बनेको हो। कूल क्षेत्रफल २०५.९९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यो गाउँपालिका २७ डिग्री १६ मिनेट ४४ सेकेन्ड उत्तरदेखि २७ डिग्री २६ मिनेट ३२ सेकेन्ड उत्तरी अक्षांशसम्म र ८७ डिग्री ४९ मिनेट ५२ सेकेन्डदेखि ८८ डिग्री ४ मिनेट ४ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ। यो गाउँपालिका ताप्लेजुङ जिल्लाको दक्षिण पूर्वी भागमा रहेको छ। यस गाउँपालिकाको पूर्व र दक्षिणमा पाँचथर जिल्ला तथा पश्चिम र उत्तरमा सिरीजङ्घा गाउँपालिकाको सीमाना रहेको छ। जिल्लाको कूल क्षेत्रफलको ५.६५ प्रतिशत भूभाग ओगट्ने यस गाउँपालिकाको क्षेत्रफल २०५.९९ वर्ग किलोमिटर रहेको छ।

२.२ ऐतिहासिक चिनारी तथा नामकरण

यस सिदिङ्वा गाउँपालिका ऐतिहासिक, प्राकृतिक तथा साँस्कृतिक रूपले महत्त्वपूर्ण क्षेत्र हो। साविक कालीखोला, सादेवा, आंखोप, साव्लाखु, लिम्बुदिन, मेहेले र सुरुम्खिम गाविसहरूलाई मिलाएर वि.स. २०७३ मा सिदिङ्वा गाउँपालिकाको गठन गरिएको हो। यहाँ परम्परागत रूपमा लिम्बु समुदायमा कुनै व्यक्तिको विवाह तथा मृत्यु हुँदा बन्दुक पड्काउने चलन छ। बन्दुक पड्काउन वा बारुद बनाउन चाहिने कोइलाको लागि प्रयोग गरिने वनस्पतिलाई लिम्बु भाषामा "सिदिङ (अडेरी काँडा)" भनिन्छ र "वा" भन्नाले छ भन्ने हुन्छ। यो काँडा यहाँको डाँडामा अत्यन्त बढी मात्रामा पाइने हुनाले उक्त डाँडा सिदिङ् वा नामबाट चिनियो (आङबुहाङ, बालचन्द्र, २०५८ : पृ. २५८)। यसै ऐतिहासिक ठाउँको नामबाट यस गाउँपालिकाको नाम सिदिङ्वा नामकरण गरिएको हो। साथै यस गाउँपालिकाको सिदिङ्वा डाँडामा अवस्थित सिदिङ्वा देवी यहाँको ऐतिहासिक चिनारीको रूपमा रहेको छ।

२.३ राजनीतिक अवस्थिति

सिदिङ्वा गाउँपालिका प्रदेश नं. १ अन्तर्गत ताप्लेजुङ्ग जिल्लामा अवस्थित छ। यस जिल्लामा विद्यमान १ नगरपालिका र ८ गाउँपालिका गरी ९ स्थानीय तह मध्ये यो गाउँपालिका एक हो। साविकका ७ गाविसहरू समावेश गरी बनेको यस गाउँपालिकामा ७ वटा वडाहरू रहेका छन्। गाउँपालिकाको केन्द्र साविक साव्लाखु गाउँ विकास कार्यालय रहेको स्थानमा अवस्थित छ। पूर्ववत् रूपमा नेपालको पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने ताप्लेजुङ जिल्लामा रहेको यो गाउँपालिका जिल्लाभित्रको प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि १ निर्वाचन क्षेत्र रहेको भए तापनि प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएका २ निर्वाचन क्षेत्र मध्ये २ (क) मा पर्दछ। गाउँपालिकाको वडागत क्षेत्रफलसम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १ : भौगोलिक अवस्थिति

वडा नं.	समावेश साविक गाविस	क्षेत्रफल (वर्ग किमि)	प्रतिशत
१	कालीखोला (१-९)	४२.३२	२०.५
२	सादेवा (१-९)	८.३८	४.१
३	आंखोपा (१-९)	२०.९३	१०.२

वडा नं.	समावेश साविक गाविस	क्षेत्रफल (बर्ग किमि)	प्रतिशत
४	साब्लाखु (१-९)	९.८४	४.८
५	लिम्वदिन (१-९)	२५.२२	१२.२
६	मेहेले (१-९)	१४.३४	७.०
७	सुरुम्खिम (१-९)	८४.९६	४१.२
जम्मा		**२०५.९९**	**१००**

स्रोत : स्थानीय तह पुर्नसंरचना आयोगको प्रतिवेदन, २०७३

२.४ धरातलीय अवस्था

यस गाउँपालिका हिमाली तथा उच्च पहाडी क्षेत्रको पहिचानको रूपमा रहेको छ । यस क्षेत्रलाई धरातलीय स्वरूपका हिसाबले हेर्दा पहाडी शृङ्खलाले बनेको यस गाउँपालिकामा कडा खालको चट्टानी भूभाग, भीरपाखा, बेशी र हिउँले ढाकिएका भूभाग तथा बसोवास योग्य क्षेत्र सहितको विविधतायुक्त धरातलीय अवस्था रहेको छ ।

२.५ प्राकृतिक सम्पदा

यस गाउँपालिकाभित्र छाडे खोला, भक्ते खोला, सिस्ने खोला, थोक्ने खोला, तिम्बङ पोखरी र ढ्वाङढ्वाङे झरना यहाँको मुख्य प्राकृतिक सम्पदाहरू हुन् । सिँचाइको मुख्य स्रोतका रूपमा यी खोलाहरू रहेका छन् । यहाँ जैविक विविधताका हिसावले पर्वतीय चिसो हावापानीमा पाइने जीव तथा वनस्पतिहरूमा डाँफे, मुनाल, घोरल, कस्तुरी, रतुवा, रेड पाण्डा, देवदार, सल्लो, ओखर आदि पाइने गर्दछ । जङ्गल क्षेत्रमा पाइने प्रमुख जडिबुटीका रूपमा पाखनबेद, सतुवा, पाँच औंले आदि रहेका छन् ।

२.६ भू-उपयोगको अवस्था


सिदिङ्वा गाउँपालिका उच्च पहाडी तथा हिमाली जिल्ला ताप्लेजुङको बढीजसो क्षेत्र वन तथा झाडीले ओगटेको हुनाले गाउँपालिकाको कूल क्षेत्रफल २०५.९९ वर्ग की.मी. मध्ये कूल क्षेत्रफलको सबै भन्दा धेरै ५६.९२ प्रतिशत क्षेत्रमा वन जङ्गल रहेको छ भने १७.३२ प्रतिशत क्षेत्रमा खेती गर्ने गरिएको छ । त्यसरी खेती गरिने क्षेत्र भन्दा बढी १८.४७ प्रतिशत क्षेत्र झाडीले ओगटेको छ । भूउपयोग सम्बन्धी विस्तृत् विवरण तालिका २ मा दिइएको छ ।

तालिका २ : भूउपयोगको अवस्था

भूमीको प्रकार	क्षेत्रफल (वर्ग किमि)	प्रतिशत
बाँझो जमिन	८.४४	४.१०
बसोवास क्षेत्र	०.८१	०.३९
खेती गरिएको जमिन	३५.६७	१७.३२
वन क्षेत्र	११७.२५	५६.९२
घाँसे जमिन	४.८३	२.३४
ताल	०.०९	०.०४
नदि नाला	०.८४	०.४१
झाडी क्षेत्र	३८.०५	१८.४७
जम्मा	२०५.९९	१००.००

Source: Land Resource Mapping Project (LRMP), 1996, नापी विभाग

नक्शा २.१ : गाउँपालिकाको भूउपयोग अवस्था



Source: Land Resource Mapping Project (LRMP), 1996, नापी विभाग

२.७ साँस्कृतिक उत्कृष्टता

लिम्बु जातिको आदिम बसोवास स्थलका रुपमा रहेको सिदिङ्वा एक ऐतिहासिक क्षेत्र हो । धार्मिक, ऐतिहासिक र पर्यटकीय महत्त्व बोकेको यस क्षेत्रमा हिन्दु, किराँत तथा बौद्ध सँस्कृतिको अनुपम संगम स्थलका रूपमा रहेको छ । मुख्य बोलिचालिको भाषा नेपाली यस क्षेत्रमा दसैँ, तिहार, उधौंली, क्रिस्मस, बाला चतुर्दशी मेला, लाखे जात्रा, तीज, साकेला, ल्होसार, माघेसङ्क्रान्ति, रामनवमी, फागुपूर्णिमा आदि रहेका छन् । धार्मिक तथा भाषिक रूपमा विविधता रहेको यस क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन् । वेशभूषाका रूपमा पुरुषहरूले मुख्य रूपमा दौरा सुरुवाल, कोट, टोपी, र महिलाले कुर्ता सुरुवाल, गुन्यु, साडी, चोली लगाउने गर्दछन् ।

२.८ विकासका सम्भावना

सिदिङ्वा गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरू, आर्थिक अभ्यास र उपलब्ध मानवीय पूँजी तथा पूर्वाधार लगायतको अवस्थालाई हेर्ने हो भने यस गाउँपालिकामा विकासका प्रशस्त सम्भावनाहरूको आँकलन गर्न सकिन्छ । गाउँ विकासका सम्भावनाहरूलाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ३ : विकासका सम्भावनाहरू

क्र.सं.	विषय क्षेत्र/उपक्षेत्र	सम्भावना
१	प्राकृतिक स्रोत तथा साधन	• शितोष्ण हावापानी र उच्च पहाडी क्षेत्रीय जैविक विविधता • बाह्रै महिना बहने नदि तथा खोला • चरण क्षेत्र • पर्यटकीय, धार्मिक तथा ऐतिहासिक महत्वका क्षेत्र
२	आर्थिक	• कोदो, आलु जस्ता खाद्यान्नको प्रचूर उत्पादन • व्यवसायिक बेमौसमी खेतीका लागि प्रचूर सम्भावना • वित्तीय संस्था तथा सुविधामा पहुँच

क्र.सं.	विषय क्षेत्र/उपक्षेत्र	सम्भावना
		• आर्थिक सम्वृद्धिका आधारका रूपमा प्रसिद्ध पर्यटकीय क्षेत्रहरू
३	सामाजिक	• उमाविसम्मको शैक्षिक संस्थाको पहुँच • स्वास्थ्य चौकी तथा औषधी पसल लगायतका स्वास्थ्य सुविधामा पहुँच • पूर्ण सरसफाईका अभ्यास • पूर्ण खोप गाउँपालिकाको लागि प्रयासरत
४	भौतिक पूर्वाधार	• आवश्यकता अनुसारका पुल तथा पुलेसाको निर्माण • सडक विस्तार तथा स्तरोन्नतिमा पहल
५	वन तथा वातावरण	• २०५९ हेक्टर वन जङ्गल र जैविक विविधता • जडिबुटीजन्य कच्चा पदार्थको प्रचूर उपलब्धता • शितोष्ण क्षेत्रीय जैविक विविधता
६	सुशासन तथा संस्थागत	• गाउँपालिका, विषयगत शाखा, समितिको गठन र सञ्चालन • गैससको विकास कार्यमा सङ्लग्नता

२.९ मानव विकास सूचकाङ्क, औषत आयु र गरिवी

गाउँपालिकाको विकासको अवस्थालाई हेर्दा नेपाल मानव विकास प्रतिवेदन २०१४ तथा गरिबीको लघु क्षेत्र अनुमान २०६८ मा ताप्लेजुङ जिल्लाको सन्दर्भमा औंल्याइएका तथ्यहरूलाई सिदिङ्वा गाउँपालिकाको हकमा पनि सामान्यीकरण गरिएको छ। नेपाल मानव विकास प्रतिवेदन, २०१४ अनुसार ताप्लेजुङ जिल्ला मानव विकास सूचकाङ्कका दृष्टिकोणले ७५ जिल्लामध्ये २५ औं स्थानमा पर्दछ। यस जिल्लाको मानव विकास सूचकाङ्कको मान ०.४९४ रहेको छ। जसअनुसार औषत आयु ६५.८ वर्ष तथा प्रतिव्यक्ति आम्दानी १३१३ अमेरिकी डलर रहेको छ। राष्ट्रिय योजना आयोगको गरिबीको लघु क्षेत्र अनुमान २०६८ अनुसार यस क्षेत्रमा २७ प्रतिशत गरिब रहेको देखिन्छ।

परिच्छेद ३ : जनसङ्ख्याको अवस्था

यस परिच्छेदमा गाउँपालिकाको जनसाङ्ख्यिक अवस्थासँग सम्बन्धित वस्ती, घरधुरीको विवरण, जनसङ्ख्या बनौट, संरचना तथा वितरण जस्ता विषयहरू समाविष्ट रहेका छन् ।

३.१ जनसङ्ख्या वितरणको अवस्था


घरपरिवार सर्वेक्षण २०७६ अनुसार गाउँपालिकाको कूल जनसङ्ख्या १२७५५ रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार १२०९९ जनसङ्ख्या रहेको यस क्षेत्रमा हालका दिनमा जनसङ्ख्या घट्दो अवस्थामा रहेको देखिन्छ । हाल वडा अनुसार सबैभन्दा उच्च जनसङ्ख्या वडा नं. ३ मा २४३३ रहेको छ भने सबै भन्दा न्यून वडा नं. १ मा ५८८ रहेको देखिन्छ । जस अनुसार हालको औषत घरपरिवारको आकार ५.१६ र लैङ्गिक अनुपात १०६.१ रहेको छ । समग्रमा लैङ्गिक रूपमा यस गाउँपालिकाको जनसङ्ख्या हेर्दा २०६८ मा पुरुषको तुलनामा महिलाहरूको सङ्ख्या बढ्दो रूपमा थियो । २०७६ मा महिलाको सङ्ख्या घट्दो रूपमा रहेको देखिन्छ भने परिवारको आकार बढेर गएको छ । जनसङ्ख्याको वर्तमान अवस्थालाई वडागत रूपमा देहाय प्रस्तुत गरिएको छ :

तालिका ४ : जनसङ्ख्या वितरणको अवस्था

वडा नं	जनगणना २०६८ अनुसार						घरपरिवार सर्वेक्षण २०७६ अनुसार					
	घरपरिवार	जनसङ्ख्या			औषत परिवार	लैङ्गिक अनुपात	घरपरिवार	जनसङ्ख्या			औषत परिवार	लैङ्गिक अनुपात
		जम्मा	पुरुष	महिला				जम्मा	पुरुष	महिला		
१	११८	६२९	३०३	३२६	५.३३	९२.९४	११६	५८८	३००	२८८	५.०७	१०४.१७
२	२११	१०४८	५१५	५३३	४.९७	९६.६२	२३१	१०४७	४९०	५५७	४.५३	८७.९७
३	४५१	२३४६	११२२	१२२४	५.२०	९१.६७	४७६	२४३३	१२५८	११७५	५.११	१०७.०६
४	४३२	२१३३	९९७	११३६	४.९४	८७.७६	४०८	२१९९	११८१	१०१८	५.३९	११६.०१
५	३५६	१८३२	८४१	९९१	५.१५	८४.८६	३७१	२१८९	११२९	१०६०	५.९०	१०६.५१
६	४६३	२३५७	११४८	१२०९	५.०९	९४.९५	४८९	२३९२	१२६२	११३०	४.८९	१११.६८
७	३३९	१७५४	८५१	९०३	५.१७	९४.२४	३६४	१९०७	९९६	९११	५.२४	१०९.३३
जम्मा	**२३७०**	**१२०९९**	**५७७७**	**६३२२**	**५.१२**	**९१.८७**	**२४५५**	**१२७५५**	**६६१६**	**६१३९**	**५.१६**	**१०६.१०**

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग २०६८ तथा घरपरिवार सर्वेक्षण, २०७६

मानचित्र १ : जनसङ्ख्या वितरणको अवस्था



३.२ जनघनत्वको अवस्था

कूल क्षेत्रफल २०५.९९ वर्ग किलोमिटर रहेको यस गाउँपालिकाको जनसङ्ख्या १२७५५ रहेको छ । गाउँपालिकाको जनघनत्व ११०.२५ जना प्रति ब.की.मी. रहेको छ । वडागत रूपमा जनघनत्वको अवस्था हेर्दा सबैभन्दा कम क्षेत्रफल रहेको वडा नं. ७ को ५०४.५ जना प्रति वर्ग किलोमिटर र सबैभन्दा बढी क्षेत्रफल रहेको वडा नं. ६ को १४२.८१ जना प्रति ब.की.मी. रहेको छ । यस सम्बन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ :

तालिका ५ : जनघनत्वको अवस्था

वडा नम्बर	जनसङ्ख्या विवरण		क्षेत्रफल विवरण		जनघनत्व (प्रति ब.की.मी.)
	जनसङ्ख्या	प्रतिशत	क्षेत्रफल (ब.की.मी.)	प्रतिशत	
१	५८८	१.२८	१३.१५	८.३९	४४.७१
२	१०४७	२.२९	१०.६३	६.७८	९८.४९
३	२४३३	५.३१	१५.९१	१०.१५	१५२.९२
४	२१९९	४.८०	७.१७	४.५७	३०६.६९
५	२१८९	४.७८	११.९५	७.६२	१८३.१८
६	२३९२	५.२२	१६.७५	१०.६८	१४२.८१
७	१९०७	४.१६	३.७८	२.४१	५०४.५०
जम्मा	**१२७५५**	**२७.८५**	**७९.३४**	**१००**	**११०.२५**

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग २०६८ र घरपरिवार सर्वेक्षण, २०७६

३.३ उमेर तथा लिङ्गको आधारमा जनसङ्ख्या विवरण

उमेर तथा लिङ्गका आधारमा जनसङ्ख्याको स्थिति हेर्दा उमेर समूह अनुसार ५ वर्षमुनिको १२७७ र ७० वर्ष वा सो भन्दा माथिको जनसङ्ख्या ५४६ रहेको देखिन्छ । लैङ्गिकताका आधारमा वडागत रूपमा उमेर समूह अनुसारको विवरण देहाय बमोजिम रहेको छ :

तालिका ६ : उमेर तथा लिङ्गको आधारमा जनसङ्ख्या विवरण

वडा नं.	उमेर समूह अनुसार जनसङ्ख्या															
	५ वर्ष मुनी		६-१४ वर्ष		१५-१८ वर्ष		१९-२४ वर्ष		२५-४९ वर्ष		५०-५९ वर्ष		६०-६९ वर्ष		७० वर्ष माथि	
	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला
१	२८	२८	५४	५७	३४	३३	१००	९९	३२	३७	३१	१३	१२	१०	९	११
२	६०	६२	११०	१११	४३	६४	१४७	१७२	६५	६९	२६	३५	२०	२२	१९	२२
३	१०१	१२३	२१८	१९९	११८	१११	४०७	३६९	१६०	१५५	१२७	१०३	६७	५८	६०	५७
४	१२२	८८	१९९	२०३	९२	९९	३९२	३९४	१५३	१२२	१११	९३	६५	६२	४७	३७
५	११६	९२	१७९	१७९	१०४	१११	३५९	३९५	१५१	१५९	१०७	९३	७१	६५	४२	४६
६	१२३	१२१	२२०	१९१	११२	११६	४०५	३४०	१५४	१५९	१०५	९५	७९	५६	६४	५२
७	१०९	१०४	१७१	१६९	९०	७५	३१०	२८१	१४३	१३५	८५	६४	४३	४८	४५	३५
जम्मा	**६५९**	**६१८**	**११५१**	**११०९**	**५९३**	**६०९**	**२१२०**	**१८९०**	**८५८**	**८३६**	**५९२**	**४९६**	**३५७**	**३२१**	**२८६**	**२६०**

स्रोत : घरपरिवार सर्वेक्षण, २०७६

३.४ मातृभाषाका आधारमा जनसङ्ख्या विवरण

घरपरिवार सर्वेक्षण २०७६ अनुसार यस गाउँपालिकाभित्र ७८.१९ प्रतिशत जनसंख्याले मातृभाषाका रूपमा नेपाली भाषा बोल्ने गरेको देखिन्छ । कूल जनसङ्ख्या मध्ये लिम्बु भाषी १४.२ र वान्तवा भाषी ३.५२ प्रतिशत जनसङ्ख्या रहेका छ । वडागत रूपमा मातृभाषाका आधारमा जनसङ्ख्या विवरण देहाय बमोजिम रहेको छ :

तालिका ७ : मातृभाषाको आधारमा जनसङ्ख्या विवरण

वडा नम्बर	मातृभाषा अनुसार जनसङ्ख्या						
	नेपाली	वान्तवा	चाम्लिङ	लिम्बु	तामाङ	गुरुङ	जम्मा
१	५३५	८	१५	२८	०	२	५८८
२	१०४१	०	०	६	०	०	१०४७
३	१९१६	२०९	१२८	१७९	१	०	२४३३
४	१६६६	१४	०	५०६	१३	०	२१९९
५	११८३	४६	२२	८४२	८९	७	२१८९
६	२३४२	६	२१	२२	१	०	२३९२
७	१२९०	१६६	८५	२२८	८७	५१	१९०७
जम्मा	**९९७३**	**४४९**	**२७१**	**१८११**	**१९१**	**६०**	**१२७५५**
प्रतिशत	**७८.१९**	**३.५२**	**२.१२**	**१४.२०**	**१.५०**	**०.४७**	**१००**

स्रोत : घरपरिवार सर्वेक्षण, २०७६

३.५ धर्म अनुसार जनसङ्ख्या विवरण

घरपरिवार सर्वेक्षण २०७६ अनुसार यस गाउँपालिका हिन्दु धर्म मान्नेहरू ४८.३३ प्रतिशत रहेका छन् । त्यसैगरी किरात र बौद्ध धर्म मान्ने क्रमश: ३९.५२ र ६.९९ प्रतिशत जनसङ्ख्या रहेको देखिन्छ । समग्रमा यस गाउँपालिका क्षेत्रमा हिन्दु धर्मावलम्बीहरूको बाहुल्य देखिन्छ । यस सम्बन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ :

तालिका ८ : धर्म अनुसार जनसङ्ख्या विवरण

वडा नम्बर	धर्म अनुसार जनसङ्ख्या						
	हिन्दु	बौद्ध	ईसाइ	किरात	जैन	अन्य	जम्मा
१	५०१	४	१	८२	०	०	५८८
२	६५१	०	४२	३५४	०	०	१०४७
३	११५६	६९	१२५	१०५१	४	२८	२४३३
४	८९१	७३	२९	१२०६	०	०	२१९९
५	८१०	१५०	१३९	१०६७	०	२३	२१८९
६	१६२५	३३	८५	६४९	०	०	२३९२
७	५३१	५६३	१८१	६३२	०	०	१९०७
जम्मा	**६१६५**	**८९२**	**६०२**	**५०४१**	**४**	**५१**	**१२७५५**
